परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक
वर्ष : ४ अंक : २७६ पृष्ठ ४ २०८३ साउन १० गते आइतबार 26 July, 2026 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# रातु नदीको जल र टुटेश्वरनाथ मन्दिर
# जल यात्राले उजागर गरेको भित्री रहस्य

● बिशाल बस्नेत



बिहानको पहिलो किरणसँगै महोत्तरीको रातु नदीको किनार बाट एक व्यक्ति जलको कलश बोकेर उल्टो साईकल यात्रामा निस्किए गन्तव्य थियो, देशकै प्रसिद्ध बाबाधामका रूपमा चिनिने टुटेश्वरनाथ मन्दिर। सामान्य धार्मिक यात्रा जस्तो देखिने यो दृश्यको लागि उनले अघिल्लो दिन नै पत्रकार सम्मेलन गरेर सबैलाई यस यात्राको साक्षी बन्न आह्वान गरेका थिए ।

नदीबाट जल लगेर शिवलिङ्गमा चढाउनु त सामान्य धार्मिक अभ्यास हो, त्यसका लागि पत्रकार सम्मेलन किन? कतिपयले यसलाई सस्तो प्रचारबाजी मात्र भएको बिश्लेशन गरे । तर बर्दिवासका स्थानीय जीवनाथ पोखरेलको उद्देश्य एउटा बिर्सिँदै गएको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई पुनः उजागर गर्नु थियो ।

“रातु नदी र टुटेश्वरनाथ मन्दिरबीचको सम्बन्ध धार्मिक आस्थामा मात्र सीमित छैन। यी दुवै एकअर्काका परिपूरक हुन् । यही सन्देश सबै भक्तजनसम्म पुऱ्याउन पत्रकार सम्मेलन गरिएको हो ।” पोखरेलले भने। “यो सम्बन्धको कथा नयाँ पुस्ताले पनि जान्नुपर्छ ।”

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म उल्टो साइकल चलाएर शान्तिको सन्देश फैलाइसकेका पोखरेलले रातु नदीबाट भरिएको जल उल्टो साइकल चलाउँदै टुटेश्वरनाथ मन्दिरसम्म पुऱ्याए र भगवान शिवलाई अर्पण गरे। तर आखिर किन रातुको जल टुटेश्वरनाथका लागि यति विशेष मानिन्छ? किन एक स्थानीयले यसको सम्बन्ध उजागर गर्न पत्रकार सम्मेलनसम्म गर्नुपऱ्यो? यी प्रश्नको उत्तर खोज्न टुटेश्वरनाथ मन्दिरको इतिहास, स्थानीय जनविश्वास र रातु नदीसँग गाँसिएको सदियौं पुरानो सम्बन्धको रहस्य बुझ्न आवश्यक हुन्छ ।

**के छ त्यस्तो सम्बन्ध ?**

टुटेश्वरनाथ महादेव मन्दिरको अस्तित्व त्रेता युगदेखि रहेको हुन सक्ने अनुमान विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक आधारहरूले गर्न सकिन्छ ।

ज्योतिष तथा धार्मिक अध्येताहरूका अनुसार भगवान श्रीरामको युग अर्थात् त्रेता युग करिब सात हजार वर्षअघि रहेको मान्यता छ । रातु नदी, टुटेश्वरनाथ महादेव मन्दिर र जनक युगसँग सम्बन्धित अनेकौं धार्मिक कथाहरू पनि यसै क्षेत्रसँग जोडिएका छन् ।

धार्मिक किंवदन्तीअनुसार माता सीताको स्वयंवरका लागि भगवान श्रीराम यही बाटो भएर जनकपुर पुगेका थिए। त्यस क्रममा रामसँग आएका बरियातीहरूले रातु नदीमा विश्राम गर्नुका साथै स्नान गरेको जनविश्वास रहेको छ। धार्मिक अध्येता गोपाल कार्कीका अनुसार यही कारणले पनि रातु नदीको पानीलाई पवित्र मान्ने परम्परा रहिआएको छ ।

रातु नदीसँग मानव सभ्यताको प्राचीन इतिहाससमेत जोडिएको देखिन्छ । जर्मन पुरातत्त्वविद् गुड्रुन कोर्विनस (न्गमचगल ऋयचखष्लगक) ले आफ्नो पुस्तकमा रातु नदी आसपासको क्षेत्रमा मध्यपाषाण युग (करिब ७ हजारदेखि १२ हजार वर्षअघिको अवधि) मा मानव बसोबास रहेको उल्लेख गरेकी छन् ।

कोर्विनसका अनुसार तत्कालीन मानवहरूले जीविकोपार्जनका लागि यस क्षेत्रमा ढुंगे औजार उत्पादन गर्ने कार्य औद्योगिक स्तरमै गरेका थिए । यस क्षेत्रबाट फेला परेका ढुंगे औजार तथा अन्य पुरातात्त्विक अवशेषहरूले त्यस समय यहाँ मानव गतिविधि रहेको संकेत गर्छन् ।

पुरातत्त्वविद्हरूका अनुसार रातु नदी आसपासको क्षेत्र तत्कालीन मानवको स्थायी बसोबासको केन्द्र थियो । उनीहरू रातु नदीको जल चढाउन टुटेश्वरनाथ महादेव मन्दिरसम्म पुग्ने, मन्दिर वरपर केही दिन बस्ने गरेको हुन सक्ने अनुमान पनि त्यहाँ फेला परेका पुरातात्त्विक अवशेषका आधारमा गरिएको छ ।

रातु नदी आसपासको पाटु क्षेत्रमा अध्ययन गर्न आएका भारतीय पुरातत्त्वविद् मञ्जित हजारियाले पनि टुटेश्वरनाथ मन्दिर वरपर थप विस्तृत पुरातात्त्विक अनुसन्धान आवश्यक रहेको बताएका थिए। नेपालको पुरातत्त्व विभागको अनुरोधमा अध्ययनका लागि आएका उनले आफ्नो प्रतिवेदनमा यस क्षेत्र दक्षिण एसियाकै महत्वपूर्ण पुरातात्त्विक क्षेत्रमध्ये एक हुन सक्ने उल्लेख गरेका छन् ।

उनका अनुसार यहाँ विस्तृत पुरातात्त्विक अनुसन्धान गर्न सकिए टुटेश्वरनाथ महादेव मन्दिरको इतिहास र यस क्षेत्रको प्राचीन सभ्यतासँगको सम्बन्धबारे थप महत्वपूर्ण तथ्यहरू उजागर हुन सक्छन् ।

इतिहासविद्हरूका अनुसार मध्यपाषाण युगको मानव बसोबास र टुटेश्वरनाथ महादेव मन्दिरको प्राचीन अस्तित्वबीच सम्भावित सम्बन्ध हुन सक्छ। त्यसैले रातु नदी आसपासको क्षेत्र र टुटेश्वरनाथ मन्दिरको ऐतिहासिक तथा पुरातात्त्विक महत्वबारे थप वैज्ञानिक अध्ययन आवश्यक रहेको उनीहरूको धारणा छ ।

**फिरगीं सेना र रातु नदी अनि टुटेश्वर**

रातु नदीको सभ्यताबारे जर्मन पुरातत्त्वविद् गुड्रुन कोर्विनस (Gudrun Corvinus) ले गरेको अनुसन्धान मात्र हो इन, सन् १७६८ मा नेपाल आक्रमणका क्रममा आएका ब्रिटिस (ईस्ट इन्डिया कम्पनी) सेनाका कमाण्डर कर्नेल जर्ज किनलक (George Kinloch) को हस्तलिखित डायरीमा गरिएको वर्णनले पनि रातु नदीको ऐतिहासिक महत्वलाई उजागर गर्छ ।

लेखक तथा साहित्यकार जगदीश घिमिरेले आफ्नो ‘सिन्धुली र मकवानपुर विजय’ शीर्षकको लेखमा किनलकको डायरीलाई उद्धृत गर्दै रातु नदीको प्रसंग उल्लेख गरेका छन्। उक्त लेखअनुसार, किनलकको डायरी जर्मनीको एक संग्रहालयमा सुरक्षित रहेको उल्लेख गरिएको छ । डायरीमा लेखिएको छ ‘रातु नदीको बगरमा खोला बगिरहेको थियो । त्यहाँ आएको भेलले धेरै हतियार र रसद बगायो ।’

अर्को प्रसंगमा किनलकले लेखेका छ ‘मैले हतियार पारि लैजान आदेश दिएँ । म स्वयं पनि खोला तर्न लागेँ। खोलाले मलाई करिब २५ गजसम्म बगायो, धन्न ज्यान जोगियो ।’

इतिहासअनुसार करिब २,४०० सैनिकको नेतृत्व गर्दै किनलक सन् १७६८ अगस्ट २६ मा पटनाबाट नेपालतर्फ अघि बढेका थिए । सिन्धुलीगढीतर्फको यात्राका क्रममा रातु नदीको बाढीले उनीहरूको अभियानलाई ठूलो चुनौती दिएको विभिन्न ऐतिहासिक स्रोतहरूमा उल्लेख पाइन्छ ।

यही घटनाक्रमसँग टुटेश्वरनाथ महादेव मन्दिरलाई जोड्ने एउटा प्रचलित जनश्रुति पनि रहेको पाइन्छ । स्थानीयहरूको कथनअनुसार नेपाल प्रवेशका क्रममा सैनिकहरूले टुटेश्वर क्षेत्रमा रहेको एउटा सुन्दर ढुंगाको बसाहा (नन्दी) देखे र त्यसलाई आफूसँग लिएर गए। तर, सिन्धुली पुगेको भोलिपल्ट उक्त ढुंगा रहस्यमय रूपमा हरायो । खोजी गर्दै जाँदा सैनिकहरूले त्यसलाई पुनः टुटेश्वर क्षेत्रमै, जहाँबाट ल्याइएको थियो त्यही स्थानमा फेला पारेको जनविश्वास छ ।

त्यसपछि रातिको समयमा उक्त ढुंगाको बसाहा सजीव भई किसानहरूको बाली खान जाने गरेको किंवदन्ती प्रचलित छ। एक दिन स्थानीय किसानहरूले त्यसलाई समातेर कुटपिट गर्दा एउटा कान काटिएको बताइन्छ। पछि उक्त ढुंगाको बसाहामा एउटा कान मात्र रहेको देखेपछि स्थानीयले त्यसलाई दैवी चमत्कारका रूपमा स्वीकार गरी पूजा-आराधना गर्न थाले ।

स्थानीय शिक्षक अमर विकले लेखेको एक लेखमा पनि यही जनश्रुतिको उल्लेख गरिएको छ। उनका अनुसार त्यही घटनापछि मन्दिरलाई ’टुटेश्वर’ नामले चिनिन थालेको जनविश्वास रहेको छ ।

यद्यपि, यस सम्बन्धमा हालसम्म कुनै ठोस ऐतिहासिक वा पुरातात्त्विक प्रमाण सार्वजनिक भएको छैन। त्यसैले यो प्रसंगलाई बाकी पष्ठ २.....



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# कर्मले बनाउने परिचय

मानिसको परिचय केवल नाम, थर, जात, भाषा वा जन्मस्थानले मात्र निर्धारण हुँदैन। यी परिचय सामाजिक र प्रशासनिक रूपमा आवश्यक भए पनि व्यक्तिको वास्तविक मूल्याङ्कन उसका कर्मबाट हुन्छ । जन्मँदा मानिस कुनै नाम वा पहिचान लिएर आउँदैन। परिवार र समाजले उसलाई नाम दिन्छन्, तर जीवनभर उसले गर्ने निर्णय, व्यवहार र कर्मले नै उसको स्थायी परिचय निर्माण गर्छ।

दार्शनिक दृष्टिले पनि मानिसको परिचयबारे फरक-फरक व्याख्या पाइन्छ। अस्तित्ववादी दार्शनिक जौं पाल सार्त्रले मानिस आफ्नो निर्णय र जिम्मेवारीबाट आफैँलाई निर्माण गर्ने बताउँछन्। यही विचारलाई व्यवहारमा हेर्दा पनि मानिसको पहिचान उसले रोजेको कर्म र त्यसको परिणामबाट स्थापित भएको देखिन्छ । असल कर्मले सम्मान दिलाउँछ भने गलत कर्मले कुख्यात बनाउँछ। त्यसैले व्यक्तिको नामभन्दा उसको काम बढी बोल्ने गर्छ।

इतिहासमा अमर बनेका अधिकांश व्यक्तित्वहरू नामका कारण होइन, कर्मका कारण स्मरणीय छन् । पृथ्वीनारायण शाह नेपाल एकीकरणका कारण, भानुभक्त आचार्य नेपाली रामायणका कारण, लक्ष्मीप्रसाद देवकोटा साहित्यका कारण तथा बिपी कोइराला लोकतान्त्रिक आन्दोलनका कारण आज पनि सम्मानका साथ सम्झिइन्छन्। त्यसैगरी नकारात्मक कर्म गर्नेहरू पनि इतिहासमा फरक परिचयका साथ दर्ज भएका छन् ।

आजको समाजमा सामाजिक सञ्जाल, पद वा आर्थिक हैसियतलाई परिचयको आधार मान्ने प्रवृत्ति बढ्दै गएको छ। तर यस्ता परिचय क्षणिक हुन्छन्। समाज र इतिहासले अन्ततः व्यक्तिलाई उसका कर्मकै आधारमा मूल्याङ्कन गर्छ। त्यसैले हरेक व्यक्तिले आफ्नो परिचय उज्ज्वल बनाउन असल सोच, जिम्मेवार निर्णय र समाजोपयोगी कर्मलाई प्राथमिकता दिन आवश्यक छ। नामले होइन, कर्मले नै मानिसलाई दीर्घकालसम्म जीवित राख्छ। यही नै व्यक्तित्व निर्माणको सबैभन्दा बलियो आधार हो।




## चार वर्षदेखि कालोसूचीमा

# लालबन्दीको प्राथमिक विद्यालय, सञ्चालन व्यक्तिगत खातामार्फत

● टक नेपाल

सर्लाहीको लालबन्दी नगरपालिका-१, नवलपुर पलारस्थित एक प्राथमिक विद्यालय विगत चार वर्षदेखि कालोसूची (ब्ल्याक लिस्ट) मा रहँदा विद्यालय सञ्चालनमा विभिन्न समस्या देखिएको छ।

२०७९ सालमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालय भवन निर्माणका लागि निर्माण सामग्री उपलब्ध गराएका व्यवसायीले भुक्तानी नपाएको भन्दै बैंकमा उजुरी दिएपछि विद्यालयको खाता रोक्का भएको थियो । विद्यालयले दिएको चेक अनादर भएपछि निर्माण व्यवसायीले अदालतमा मुद्दा दायर गरेका थिए। त्यसयता विद्यालय कालोसूचीमा पर्दै आएको छ।




विद्यालयका प्रधानाध्यापक सुरेश पासवानले आफू २०८० भदौ ३१ गते विद्यालयमा हाजिर हुनुअघि नै विद्यालय कालोसूचीमा परिसकेको बताउँदै नगरपालिकाको पर्याप्त पहल नहुँदा समस्या समाधान हुन नसकेको गुनासो गरे।

उनका अनुसार विद्यालयको बैंक खाता रोक्का भएपछि लालबन्दी नगर कार्यपालिकाको निर्णयअनुसार शिक्षकको तलब, प्रशासनिक खर्च, मसलन्द र दिवा खाजाको रकम प्रधानाध्यापकको व्यक्तिगत खातामा पठाएर विद्यालय सञ्चालन भइरहेको छ।

प्रधानाध्यापक पासवानले विद्यालय कालोसूचीमा परेकै कारण अधुरो भवन निर्माण सम्पन्न गर्न कुनै पनि निकायबाट थप बजेट ल्याउन नसकिएको बताए।

विद्यालय कालोसूचीमा पर्दा तत्कालीन अस्थायी करार शिक्षक दुवेन्द्र सिंह प्रधानाध्यापकको जिम्मेवारीमा थिए। त्यसपछि उनले राजीनामा दिएर विद्यालय छाडेका थिए।

तत्कालीन विद्यालय व्यवस्थापन समिति अध्यक्ष कोमल महतोले २०७९ सालमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत भवन निर्माणका लागि प्राप्त ४५ लाख रुपैयाँ कहाँ र कसरी खर्च भयो भन्नेबारे आफूलाई जानकारी नदिइएको दाबी गरेका छन्। भवन उपभोक्ता समितिमार्फत निर्माण गरिएको भए पनि तत्कालीन प्रधानाध्यापकले आफूलाई आवश्यक जानकारी नदिएको उनको आरोप छ।

लालबन्दी नगरपालिका-१ का वडा सदस्य अशोककुमार महतोले तत्कालीन प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको लापरबाहीका कारण विद्यालय कालोसूचीमा परेको आरोप लगाए। विद्यालयलाई कालोसूचीबाट हटाउन पटक-पटक पहल गरिए पनि समस्या समाधान हुन नसकेको उनले बताए।

निर्माण सामग्री आपूर्ति गर्ने हार्डवेयर व्यवसायीले भवन निर्माणका क्रममा उपलब्ध गराएको सामग्रीबापत अझै करिब ३ लाख ६५ हजार रुपैयाँ भुक्तानी पाउन बाँकी रहेको दाबी गरेका छन्। मुद्दा अदालतमा पुगेपछि समस्या थप जटिल बनेको जनाइएको छ।

हाल विद्यालयमा ६७ जना विद्यार्थी अध्ययनरत छन्। कक्षा ५ सम्म सञ्चालन हुने विद्यालयमा दुई जना स्थायी, तीन जना बालविकास र एक जना वडा अनुदानका गरी छ जना शिक्षक कार्यरत छन्।

लालबन्दी नगरपालिकाको शिक्षा शाखाका प्रमुख लक्ष्मी शिवाकोटीले विद्यालयलाई कालोसूचीबाट हटाउन विभिन्न चरणमा छलफल र समन्वय गरिए पनि हालसम्म समाधान ननिस्किएको बताए। विद्यालयलाई कसरी कालोसूचीबाट हटाउने भन्ने विषयमा आफूहरू पनि अन्योलमा रहेको उनको भनाइ छ।

# रातु नदीको जल र टुटेश्वरनाथ मन्दिर ........

स्थानीय जनश्रुति वा धार्मिक विश्वासका रूपमा लिनुपर्ने देखिन्छ।

यदि जनश्रुतिलाई आधार मान्ने हो भने, टुटेश्वरनाथ महादेव मन्दिरको धार्मिक अस्तित्व अत्यन्त प्राचीन भए पनि 'टुटेश्वर' नामकरण भने करिब सन् १७६८ पछि, अर्थात् करिब २५० वर्षअघि भएको हुन सक्ने अनुमान गर्न सकिन्छ। यद्यपि, यस विषयमा यथार्थ निष्कर्ष निकाल्न थप ऐतिहासिक तथा पुरातात्त्विक अनुसन्धान गर्नुपर्ने स्थानियहरुको माग रहेको छ।

## टुटेश्वरनाथ मन्दिर र रातु सभ्यता

धार्मिक अध्येताहरूका अनुसार भगवान श्रीराम र माता सीताको मिथिलादेखि अयोध्यासम्मको यात्रासँग रातु नदी र टुटेश्वरनाथ महादेव मन्दिर क्षेत्र जोडिएको जनविश्वास रहिआएको छ। यस क्षेत्र वरपर रहेका धार्मिक स्थल, स्थानीय किंवदन्ती तथा सांस्कृतिक परम्पराले पनि त्यस विश्वासलाई निरन्तरता दिएका छन्।

धार्मिक अध्येता गोपाल कार्कीका अनुसार टुटेश्वरनाथ महादेव मन्दिर, राईमण्डल, र ातु नदी र गौरीडाँडा एकअर्कासँग धार्मिक तथा सांस्कृतिक रूपमा सम्बन्धित स्थल हुन्।

जनश्रुतिअनुसार भगवान श्रीराम र माता सीता अयोध्या फर्कने क्रममा रातु नदीमा स्नान गरी टुटेश्वर क्षेत्रमा विश्राम गरेका थिए। त्यसबेला उनीहरूको सुरक्षाका लागि आएका सयौं जटायूहरू आसपासका अग्ला डाँडाहरूमा बसेर निगरानी गरिरहेका थिए भन्ने विश्वास स्थानीय समुदायमा प्रचलित छ।

कार्कीका अनुसार केही जटायू भगवान रामसँगै अयोध्या फर्किए भने केही यही क्षेत्रमा बसे। अहिले राईमण्डल क्षेत्रमा पाइने गिद्ध (जटायूको प्रतीकका रूपमा लिइने) हरूलाई पनि यही धार्मिक विश्वाससँग जोडेर हेरिन्छ।

टुटेश्वर क्षेत्र वरपर माण्डवी गंगा तथा अन्य सहायक नदीहरू भए पनि शिवपूजाका लागि जल अर्पण गर्न विशेष रूपमा रातु नदीको पानी नै प्रयोग गर्ने परम्परा रहेको धार्मिक अध्येताहरूको भनाइ छ।

यस क्षेत्रसँग महाभारतकालीन अर्को किंवदन्ती पनि जोडिएको छ। धार्मिक विश्वासअनुसार अर्जुनले टुटेश्वर क्षेत्रमा कठोर तपस्या गरेका थिए। तपस्याबाट प्रसन्न भई भगवान महादेव प्रकट भएको, अर्जुनलाई दर्शन दिएको तथा दिव्य अस्त्र-शस्त्रको वरदान प्रदान गरेको विभिन्न धार्मिक ग्रन्थ र जनश्रुतिमा उल्लेख पाइन्छ। विशेषगरी अर्जुनले यही तपस्याबाट पाशुपतास्त्र प्राप्त गरेको विश्वास प्रचलित छ।

स्थानीय समुदायमा अर्को रोचक धार्मिक किंवदन्ती पनि प्रचलित छ। त्यसअनुसार भगवान महादेव विभिन्न स्वरूपमा यही चुरे क्षेत्रमा वास गर्ने र सर्पलाई आफ्नो आभूषणका रूपमा धारण गर्ने विश्वास गरिन्छ। यही विश्वाससँग जोडेर गौरीडाँडा क्षेत्रलाई सर्पहरूको महत्वपूर्ण बासस्थानका रूपमा समेत लिने गरिएको छ।

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा पनि गौरीडाँडा क्षेत्र सर्पहरूको महत्वपूर्ण आवासका रूपमा परिचित छ। यस क्षेत्रमा जर्मन र फ्रान्सेली अनुसन्धानकर्ताहरूले विभिन्न समयमा स्थलगत अध्ययन गरेका छन्। त्यसपछि नेपाली अनुसन्धानकर्ताहरूले समेत अध्ययनलाई निरन्तरता दिएका छन्। यही अध्ययनका आधारमा गौरीडाँडा क्षेत्र नेपालकै महत्वपूर्ण सर्प आवास (Snake Hotspot) मध्ये एकका रूपमा चिनिन थालेको हो।

यस क्षेत्रको जैविक विविधता, भूगर्भीय संरचना तथा चुरे पर्वत शृंखलाको विकासक्रमबारे डा. सोमनाथ सापकोटा, डा. अनिल पोखरेललगायतका नेपाली विज्ञहरूले पनि अध्ययन गरेका छन्। उनीहरूले चुरे क्षेत्रको भूगर्भीय इतिहास, प्राकृतिक संरचना तथा यस क्षेत्रको जैविक महत्वका विषयमा अनुसन्धान गर्दै शैक्षिक अध्ययनसमेत गरेका छन्।

इतिहास, धार्मिक विश्वास, पुरातात्त्विक सम्भावना र प्राकृतिक सम्पदालाई एकैसाथ समेटेको टुटेश्वरनाथ-रातु नदी क्षेत्र थप वैज्ञानिक तथा पुरातात्त्विक अनुसन्धानको प्रतीक्षामा रहेको इतिहासविद् तथा अनुसन्धानकर्ताहरूको भनाइ छ।






# रैथाने बालीसँगै हराउँदै संस्कृति

रवीन्द्र उप्रेती

उन्नत तथा विकासे जातका बालीको विस्तारसँगै रैथाने धान, मकै, तरकारीलगायतका स्थानीय बाली क्रमशः लोप हुन थालेका छन् । कृषकका अनुसार केही स्थानीय प्रजाति पूर्ण रूपमा हराइसकेका छन् भने कतिपय लोपोन्मुख अवस्थामा पुगेका छन् । यसले ग्रामीण भेगमा सामाजिक, आर्थिक प्रभाव पारेको उनीहरूको भनाइ छ। महोत्तरीको गौशाला-७, जमुनियाकी ७४ वर्षीय कृषक आशादेवीका अनुसार आफूले थाहा पाएसम्म दर्जनभन्दा बढी रैथाने प्रजातिका धान अहिले हराइसकेका छन् । उहाँका अनुसार हरिनकेर, तन्गी, गोला, नाजिर, कमलखोर, कमलकाँटी, गोखुलसार, साहमर्दन, मालभोग, बच्ची, जसवा, बाहरनी, मन्सरी जस्ता धानका प्रजाति देखिन छाडेका छन् । स्वाद, सुगन्ध, गुणस्तर र रङका कारण कुनैबेला सम्पन्नता र सोखको प्रतीक मानिने करियाकामत (कमोद) धान पनि लोपोन्मुख छ भने बासमती पनि मुस्किलले जोगिएको उहाँको भनाइ छ।



स्थानीयका अनुसार रैथाने धान हराउँदै जाँदा उत्पादन प्रणाली मात्र नभई सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा समेत असर परेको छ। महोत्तरी कै प्रमुख धान उत्पादन क्षेत्रमध्ये एक मानिने जमुनियालाई सदाबहार रूपनीखोलाबाट वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुने भएकाले 'धानको माइतीघर' समेत भनिन्छ। रैथाने प्रजाति हराउँदै जाँदा गाउँको परम्परागत जीवनशैलीमा परिवर्तन आएको गाउँलेको भनाइ छ।

उक्त गाउँका ७२ वर्षीय अगुवा कृषक रुद्रनारायण चौधरीका अनुसार विकासे धानले स्थानीय जातलाई विस्थापित गरेपछि परालको अभाव हुँदा पुशपालन प्रभावित भएको छ। रैथाने धानका बोट अग्ला हुने भएकाले त्यसको परालबाट गुन्द्री (चटाइ) बुन्ने, पिर्का बनाउने तथा घरको छाना छाउने काम गरिन्थ्यो । "स्थानीय धान एकनासले फल्ने र रोग प्रतिरोधी पनि हुन्थे तर विकासे धानले सुरुमा राम्रो उत्पादन दिए पनि पछि उब्जनी घट्दै जाने र रोगको समस्या बढ्ने गरेको छ," चौधरीले भन्नुभयो । यसले रोग नियन्त्रणका लागि महँगा विषादी प्रयोग गर्नुपर्ने भएकाले किसान थप आर्थिक भारमा परेको उहाँको भनाइ छ।

यस्ता रैथाने धानको लोपसँगै परम्परागत बिउ संरक्षण प्रविधि पनि हराउँदै गएको स्थानीयको भनाइ छ। पहिले धानको बिउ घरभित्र राखदैनथे। परालको 'मोरियारी' मा बिउको पोको राखी बाहिरबाट गोबर र माटोले लिपेर खुला टाँड वा परालको कुन्युमाथि भण्डारण गर्ने पुरानो प्रविधि अहिले प्रयोग हुन छाडेको छ। आशादेवीका अनुसार यसरी राखिएका बिउ लामो समयसम्म सुरक्षित रहन्थे, राम्रोसँग उम्रन्थे र रोगकिराको समस्या पनि कम हुन्थ्यो । पछिल्ला वर्षमा आयातित तथा प्लास्टिक प्याकमा उपलब्ध हुने उन्नत बिउको प्रयोग बढेसँगै यो प्रविधि पनि लोप भएको छ।

स्थानीय धानसँगै कृषिप्रणालीसँग सम्बन्धित अन्य जैविक विविधता पनि हराउँदै गएको छ। कृषकका अनुसार खेतमा पाइने भ्यागुता, गँगटा, स्थानीय माछालगायतका जीव अहिले दुर्लभ बनेका छन्। चिसापानी जातको 'कच्चु' भनिने कालो आलु, वैशाख-जेठमा छरेर भदौमा भित्र्याइने स्थानीय मकै, जुनेलो, मङ्सिरदेखि माघसम्म उत्पादन हुने रैथाने सानो काउली तथा हरियो बित्ते घिरौला पनि खेतीबाट विस्थापित भइसकेका छन् । कोदो र शुद्ध तेल दिने फिलुङ्गे लोपोन्मुख छन् ।

कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्द रायले रैथाने बाली विस्थापनसँगै कृषिक्षेत्रमा नयाँ चुनौती थपिएको स्वीकार गर्नुभयो । उहाँका अनुसार यसले खाद्यान्नको गुणस्तरमा ह्रास ल्याउनुका साथै नयाँ रोगको सङ्क्रमण बढाएको छ । "विकासे बालीसँगै देखिन थालेका नयाँ रोगले उत्पादनमा समेत असर पुऱ्याएको छ," उहाँले भन्नुभयो, "रैथाने बालीको तुलनामा उन्नत जातमा उत्पादन बढी भए पनि स्वाद, सुगन्ध र गुणस्तर कम हुने तथा रोग प्रतिरोधात्मक क्षमता पनि कमजोर हुने गरेको छ।" रायले उन्नत जातका धानमा उत्पादन क्षमता जस्ता सकारात्मक पक्ष रहे पनि गुणस्तरका दृष्टिले भने रैथाने बालीसँग तुलना गर्न नसकिने बताउनुभयो।

# गुणस्तरहीन खाद्य उत्पादन गरेको आरोपमा मधेशका ६२ उद्योगी–व्यवसायीविरुद्ध मुद्दा

टक नेपाल

गुणस्तरहीन तथा मिसावटयुक्त ी गरेको आरोपमा मधेश प्रदेशका ६२ उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सङ्कलन गरी परीक्षण गरिएका खाद्य नमुनामा कैफियत देखिएपछि सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम मुद्दा दायर गरिएको हो।

कार्यालय प्रमुख विमलकुमार दाहालका अनुसार बारा र पर्साका ५१, महोत्तरीका सात, सर्लाही र रौतहटका तीन तथा धनुषाका एक उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ। साथै, सप्तरी र सिरहाका तीन तथा धनुषाका दुई गरी थप पाँच उद्योगी-व्यवसायीविरुद्ध पनि खाद्य स्वच्छता कायम नगरेको र खाद्य पदार्थमा मिसावट गरेको आरोपमा मुद्दा दर्ता गर्ने प्रक्रिया अघि बढाइएको छ।

प्रमुख दाहालका अनुसार अनुगमनका क्रममा सङ्कलित नमुनाको परीक्षणबाट स्वास्थ्यका लागि हानिकारक मिसावट गरिएको, म्याद गुज्रिएका खाद्य वस्तु बिक्री गरिएको तथा गुणस्तर मापदण्ड उल्लङ्घन भएको पाइएपछि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको हो।

कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशका विभिन्न जिल्लाबाट कानुनबमोजिम ५७८, उत्पादकको आग्रहमा १,२२८ र सरकारी निकायबाट प्राप्त २० सहित कुल ४ हजार ५५९ खाद्य नमुना परीक्षण गरेको जनाएको छ। तीमध्ये ३५ नमुनामा प्रतिकूल नतिजा देखिएको र १० नमुनामा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको छ।

यस अवधिमा ५१० वटा ताजा फलफूल तथा तरकारीमा विषादी परीक्षण तथा ३१० वटा स्वच्छता सर्भिलेन्स गरिएको पनि कार्यालयले जनाएको छ।




खाद्य स्वच्छता प्रवर्द्धनका लागि धनुषामा ६० पटक अनुगमन गरी २५० होटल तथा रेष्टुरेन्टको निरीक्षण गरिएको छ । सोही अवधिमा १२१ उद्योगलाई अनुज्ञापत्र जारी, ३०७ उद्योगको नवीकरण तथा ३४७ उद्योगका लागि सिफारिस गरिएको कार्यालयले जनाएको छ । नमुना परीक्षण, अनुज्ञापत्र, नवीकरण तथा उद्योग सिफारिसलगायतका सेवाबाट ३८ लाख ३६ हजार १७० रुपैयाँ राजस्व सङ्कलन भएको प्रमुख दाहालले जानकारी दिए।

गत असारमा धनुषाका ४४ होटल तथा रेष्टुरेन्टमा गरिएको अनुगमनमा १२ वटामा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम ४ लाख २० हजार रुपैयाँ जरिवाना गरिएको थियो। त्यसैगरी, सर्लाहीका २४ होटलमा गरिएको अनुगमनमा १७ वटामा कैफियत भेटिएपछि ६ लाख ६७ हजार रुपैयाँ जरिवाना गरिएको कार्यालयले जनाएको छ।

अनुगमनका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा अन्य अखाद्य वस्तुहरू जफत गरी सम्बन्धित सरोकारवालाको रोहबरमा नष्ट गरिएको कार्यालयले जनाएको छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ेगहरुको विशेषज्ञ डाक्टहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# वडासदस्यको नियन्त्रणबाट तीन सय बोरा डिएपी मल बरामद



● टक नेपाल

धान रोपाईंको मुख्य समयमा किसानले मल अभाव भेलिरहेका बेला धनुषाको धनुषाधाम नगरपालिका-५ नौसय बिघाका वडासदस्य सुरेश साहले लुकाइछिपाइ राखेको अवस्थामा तीन सयभन्दा बढी बोरा डिएपी मल प्रहरीले नियन्त्रणमा लिएको छ ।

मलको स्रोत नभेटिएपछि शनिबार नौसय बिघास्थित प्रहरी चौकीले सो मल नियन्त्रणमा लिएको हो । प्रहरी चौकीका इन्चार्ज अजय झाले वडासदस्य साहले शुक्रबार मध्यराति दुई वटा टेम्पोमा मल लोड गरी अन्त लैजान लागेको अवस्थामा स्थानीयको सहयो गमा नियन्त्रणमा लिइएको बताउनुभयो ।

त्यस सम्बन्धमा थप अनुसन्धान गर्दै जाँदा बाहिर बाट ताल्चा लगाएर बन्द गरिएको गोदामबाट तीन सयभन्दा बढी बोरा डिएपी मल बरामद भएको उहाँले जानकारी दिनुभयो ।

बरामद गरिएको मलको यकिन सङ्ख्या र त्यसको स्रोतबारे थप अनुसन्धान भइरहेको बताउँदै इन्चार्ज झाले बरामद मल इलाका प्रहरी कार्यालय धनुषाधाम पठाइएको बताउनुभयो। उहाँका अनुसार धनुषाधाम नगरपालिका-५ का वडाध्यक्ष इन्दल महतो सञ्चालक रहेको पर्वता कृषि सहकारी संस्थाको दैनिक कारोबार वडासदस्य साहले गर्दै आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। हाल वडासदस्य साह फरार रहेकाले खोजी भइरहेको प्रहरी इन्चार्ज झाको भनाइ छ ।

स्थानीयवासी गोविन्द यादवले कृत्रिम अभाव सिर्जना गरेर महँगो मूल्यमा बेच्नका लागि वडासदस्य साहले मल लुकाएर राखेको आरोप लगाउनुभयो। सहकारीमा किसान मल लिन जाँदा वडासदस्यले सकिएको भन्दै फर्काउने गरेको उहाँले जानकारी दिनुभयो । किसानले मल अभाव भेलिरहेका बेला यसरी मल लुकाउने जनप्रतिनिधिलाई कडा कारबाही हुनुपर्ने उहाँको भनाइ छ ।

# रासायनिक मल आपूर्ति सहज बन्दै, १५ गतेभित्र अभाव हट्ने : कृषि मन्त्री चौधरी

● टक नेपाल

सङ्घीय सरकारकी कृषि, वन तथा वातावरण मन्त्री गीता चौधरीले देशभर रासायनिक मलको आपूर्ति क्रमशः सहज हुँदै गएको बताएकी छन् । शनिबार धनुषामा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण आयोजनाअन्तर्गतका विभिन्न कार्यक्रमको निरीक्षणपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले अन्तर्राष्ट्रिय परिस्थितिका कारण यस वर्ष मल आपूर्तिमा केही असर परेको भए पनि हाल विभिन्न नाकाबाट पर्याप्त मात्रामा मल नेपाल भित्रिरहेको जानकारी दिइन् ।



उनले मौजुदा मल किसानसम्म पुऱ्याउने काम तीव्र गतिमा भइरहेको उल्लेख गर्दै यो महिनाको १५ गतेभित्र रासायनिक मलको आपूर्ति धेरै सहज हुने विश्वास व्यक्त गरिन् ।

लक्ष्मिनियामा आयोजित किसानसँगको अन्तरक्रिया कार्यक्रममा मन्त्री चौधरीले रासायनिक मल र विषादीमाथिको निर्भरता घटाउँदै प्राङ्गारिक मलको प्रयोगलाई अभियानकै रूपमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याइन् । माटोको उर्वराशक्ति, वातावरण तथा मानव स्वास्थ्य संरक्षणका लागि जैविक खेतीलाई प्रोत्साहन गर्नुपर्ने उनको भनाइ थियो ।

उनले अत्यधिक रासायनिक मल र विषादीको प्रयोगका कारण खेत बारीको जैविक विविधता नष्ट हुँदै गएको उल्लेख गर्दै विगतमा खेतमा पाइने माछालगायत अन्य जीवजन्तु अहिले लोप हुँदै गएको बताइन् ।

"हामीले खाने अन्नसँगै विषादी पनि खाइरहेका छौँ। त्यसैले रासायनिक मलको प्रयोग कम गर्दै प्राङ्गारिक मलतर्फ किसानलाई आकर्षित गर्न अभियान सञ्चालन गर्न आवश्यक छ," मन्त्री चौधरीले भनिन् ।

प्राङ्गारिक खेती विस्तार गर्न इच्छुक किसानलाई सरकारले आवश्यक सहयोग गर्न तयार रहेको बताउँदै उनले राष्ट्रिय कृषि आधुनिकीकरण आयोजना, प्रदेश सरकार तथा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने जानकारी दिइन् ।

मन्त्री चौधरीले आयोजना सञ्चालनको प्रभावकारिता, किसानले प्राप्त गरेको लाभ तथा दीर्घकालीन सुधारका सम्भावनाबारे जानकारी लिन आफू धनुषा आएको बताइन् ।

उनले सिँचाइ र कृषि कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिँदै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग यस विषयमा छलफल भइसकेको बताइन् । उनका अनुसार जहाँ सिँचाइ आयो जना सञ्चालन हुन्छ, त्यहाँ कृषि मन्त्रालयको प्राविधिक सेवा पनि सँगै उपलब्ध गराउने गरी योजना बनाइएको छ ।

आवश्यकता र प्राविधिक मूल्याङ्कनका आधारमा मात्रै सिँचाइ तथा कृषि पूर्वाधार निर्माण गरिने उल्लेख गर्दै उनले यसबाट दीर्घकालीन रूपमा किसानले लाभ पाउने विश्वास व्यक्त गरिन् । साथै, चुरे संरक्षण र जल पुनर्भरणसम्बन्धी कार्यक्रम पनि वैज्ञानिक अध्ययनका आधारमा सञ्चालन गरिने उनले जानकारी दिइन् ।

निरीक्षणका क्रममा मन्त्री चौधरीले लक्ष्मिनियामा सञ्चालित कृषि यान्त्रीकीकरण तथा सिँचाइ पूर्वाधार आयोजना, मिथिला नगरपालिकाको नकटाभिजस्थित कृषि यान्त्रीकीकरण प्रवर्द्धन केन्द्र, गणेशमान चार नाथ नगरपालिकाको व्यावसायिक आँप खेती तथा छिरेश्वरनाथ नगर पालिकाको महेन्द्रनगरस्थित व्यावसायिक मत्स्यपालन फार्मको अवलो कन गरेकी थिइन् ।

# सर्लाहीमा डिभिजन प्रमुखसहित दुई कर्मचारी ७ लाख ५० हजार रुपैयाँ घुससहित पक्राउ

● टक नेपाल

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सर्लाहीका डिभिजन प्रमुखसहित दुई जना कर्मचारी घुस रकमसहित पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासबाट खटिएको टोलीले डिभिजन प्रमुख (सिडिई) अनुपमा ढकाल र मेकानिकल अधिकृत (छैटौँ) तुलाकान्त चौधरीलाई ७ लाख ५० हजार रुपैयाँ घुससहित नियन्त्रणमा लिएको हो ।

अख्तियारका अनुसार बोरिङ तथा मोटर जडानको काम सम्पन्न भएपछि भुक्तानी प्रक्रिया अघि बढाइदिने क्रममा सेवाग्राहीसँग घुस मागिएको भन्ने सूचना तथा उजुरीका आधारमा विशेष टोली परिचालन गरिएको थियो ।

टोलीले सर्लाहीको बागमती नगरपालिका-१२ स्थित भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुखको सरकारी क्वाटरबाट दुवै जनालाई घुस रकमसहित पक्राउ गरेको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

अख्तियारले पक्राउ परेकाहरूको साथबाट घुसबापत लिएको ७ लाख ५० हजार रुपैयाँ, स्रोत नखुलेको ७१ हजार ११५ रुपैयाँ नगद तथा तीन थान मोबाइल फोन बरामद गरेको जनाएको छ ।

पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ ।

# स्वास्थ्य चौकी परिसरमै सर्पदंशबाट बालकको मृत्यु, भगवानपुरमा सडक अवरुद्ध

● टक नेपाल

सिराहाको भगवानपुर स्वास्थ्य चौकी परिसरमा सर्पले टोकेका चार वर्षीय बालकको उपचारमा ढिलाइ हुँदा मृत्यु भएको आरोप लगाउँदै स्थानीयवासीले आन्दोलन गरेका छन्। घटनाप्रति आक्रोशित स्थानीयले शनिबार भगवानपुर चोकमा टायर बालेर सडक अवरुद्ध गरेका हुन् ।

मृत्यु हुनेमा भगवानपुर गाउँपालिका-४ का चार वर्षीय रोशनकुमार मण्डल रहेका छन् । शुक्रबार दिउँसो करिब १२ बजे आमा सुलेखा मण्डलसँग उपचारका लागि स्वास्थ्य चौकी पुगेका रोशन परिसरभित्र खेलिरहेका बेला सर्पले टोकेको बताइएको छ ।

स्थानीयका अनुसार बालकलाई तत्काल लहान अस्पताल लैजान स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्स मागिए पनि चालकले गाउँपालिका अध्यक्ष उग्रनारायण यादवको आदेश नआएसम्म एम्बुलेन्स सञ्चालन गर्न नमिल्ने भन्दै अस्वीकार गरेका थिए। त्यसपछि बाध्य भएर बालकलाई सिटी रिक्सामार्फत करिब १२ किलोमिटर टाढा रहेको लहान अस्पताल लगिँदै गर्दा बाटोमै विष फैलिएर उनको मृत्यु भएको स्थानीयको आरोप छ ।

घटनापछि आक्रोशित स्थानीयवासीले स्वास्थ्य चौकीको लापरबाहीका कारण बालकको ज्यान गएको भन्दै सडक अवरुद्ध गरी विरोध प्रदर्शन गरेका छन् ।

भगवानपुर गाउँपालिका-४ का वडाध्यक्ष रामकुमार यादवले स्वास्थ्य चौकी परिसरको सरसफाइमा पर्याप्त ध्यान नदिनु तथा समयमै एम्बुलेन्स उपलब्ध गराउन नसक्नु व्यवस्थापकीय कमजोरी भएको स्वीकार गर्दै स्थानीयको आन्दोलन जायज रहेको प्रतिक्रिया दिए ।

यता, स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्ट राजेश यादवले भने बालकलाई सर्पले टोकेको वा विद्युतीय करेन्ट लागेको भन्ने यकिन गर्न केही समय लागेको दाबी गरे । उनका अनुसार एम्बुलेन्स तयारीकै क्रममा बालकको आमाले आफ्नै पहलमा सिटी रिक्सामा राखेर लहान अस्पतालतर्फ लग्नुभएको थियो ।

गाउँपालिका अध्यक्ष उग्रनारायण यादवको उपस्थितिमा घटनाबारे छानबिन गर्न बैठक बसिरहेको जनाउँदै हेल्थ असिस्टेन्ट यादवले छानबिनपछि मात्रै थप प्रतिक्रिया दिन सकिने बताए ।


## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

**सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।**

**बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी**



## मानव बेचबिखन विरुद्ध सचेतना

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो ।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौं ।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस् ।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस् ।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस् ।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔं ।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔं ।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौं ।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔं ।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौं ।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो ।

- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौं ।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौं ।

एकडारा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014